# रामाश्रम महिला सामुदायिक वन उपभोक्ता समुह

चन्द्रकोट गा.पा.-७, सोता गुल्मी

कमला

प.सं.: २०८२/०८३

च.नं.:

अध्यक्ष

सुचना ! सुचना !! सुचना !!!

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०४/०८ गते)

यस रामाश्रम महिला सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व. २०८२/०८३ मा कटान मुछान भई उत्पादन भएको चन्द्रकोट गा.पा.-७, सोता, गुल्मी स्थित घाटगद्दीमा रहेको लट नम्वर १ कायम निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ, दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचिकृत उद्योगले यो सुचना प्रथम पटक बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सिलवन्दी वोलपत्र खरिद गरी २२ (ब्राईस) औं दिनको कार्यालय समयभित्र सिलबन्दी वोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

वन पैदावारको विवरणः

| लट नं. | उत्पादन बर्ष | वन पैदावार को किसिम | जात | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मोल रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०८२/००८३ | काठ | खयर | ६९४ | ६४१.८६ | ६,४१,८६०।०० | ७७,१३८।७४ | |

**<u>शर्त तथा नियमहरु:</u>**

१. वोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः
   (क) वोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८३/०४/२७ गते, कार्यालय समयसम्म ।
   (ख) वोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/०४/२८ गते, कार्यालय समयसम्म।

२. वोलपत्र खरिद र दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा तोकिएको समय भित्र खरिद र दाखिला गर्न सकिनेछ ।

३. वोलपत्र फारमको दस्तुर प्रति लटको रु.१,०००।०० (एक हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह वा डिभिजन वन कार्यालय तम्घास, गुल्मीबाट खरिद गरी खरिद गरिएकै कार्यालयमा दाखिला गर्न सकिनेछ ।

४. वोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस रामाश्रम महिला सामुदायिक वन उपभोक्ता समूहको नाममा ग्लोवल आइ एम इ वैंक, मजुवा

रामाश्रम महिला सामुदायिक वन उपभोक्ता समुह
चन्द्रकोट गा.पा.-७, सोता गुल्मी

कमला
अध्यक्ष

प.सं.: २०८२/०८३
च.नं.:

५. शाखामा रहेको समूहको खाता नं. 07101010000167 नाम RAMASHRAM MAHILA SA. BAN UP . SAMUHA मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

६. बैंक जमानत कागज धरौटीको रुपमा पेश गरिएका त्यस्तो जमानत कम्तिमा छ महिना सम्मको लागि हुनुपर्नेछ ।

७. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको चन्द्रकोट गा.पा.-७, सोता, गुल्मी स्थित घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

८. लिलाममा भाग लिन ईच्छुक काठ, दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई सूचिकृत उद्योगका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर/PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणको प्रतिलिपि र सूची दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९. निर्धारित न्युनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु यस समुह र डिभिजन वन कार्यालय, गुल्मीबाट प्राप्त भएपछि समुहको कार्यालयमा सूचना प्रकाशित मितिको २३ (तेईस) औं दिन मिती २०८३/०४/३० गते दिउँसो १:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ। बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको दिन तोकिएको समय भित्र रीतपूर्वक पर्न आएका बोलपत्रहरु खोलिनेछ ।

१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैतालिस) दिन भित्र सकार गरेको रकम, संकलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

११. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२. कटान मुछान तथा घाटगद्दी/संकलन खर्च छुट्टै बुझाउनु पर्नेछ ।

१३. तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, संकलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी रकम जफत गरी नियमानुसार गरिनेछ ।

१४. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१५. उपरोक्त बाहेक अन्य कुराको हकमा सामुदायिक वनको काठ/दाउरा संङ्कलन तथा बिक्रि बितरण निर्देशिका, २०७१ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. अन्य जानकारीको लागि यस समुहको कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।

कमला
अध्यक्ष